# धरान उपमहानगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम

आदरणीय सभाध्यक्षज्यू,
नगरसभा सदस्यज्यूहरु,

यस गरिमामय सभामा पालिकाको आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा पालिकालाइ विभिन्न सुझाव दिनु हुने सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सबैमा हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा विभिन्न कालखण्डमा भएका जनआन्दोलन, मधेश आन्दोलन, जनयुद्ध र अन्य विभिन्न खाले न्यायपूर्ण आन्दोलनमा सहादत प्राप्त गर्नु हुने महान शहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै घाईते अपाङ्ग योद्धाहरु प्रति सम्मान व्यक्त गर्दै वेपत्ता योद्धाहरु प्रति सलाम व्यक्त गर्दछु।

विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ महामारीबाट थलिएर माथि उठन लागेको अर्थतन्त्र पुनः युक्रेन युद्ध र सोबाट विश्व आपूर्ति श्रृंखलामा आएको संकुचनले नेपाललाइ समेत प्रभाव पारेकोछ । यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गै स्थानीय तहले पाउनु पर्न वित्तीय हस्तारणमा नकारात्मक असर पुगेको छ । धरानमा वर्षेनी देखिन डेङ्गुको समस्या साथै गत वर्ष र यस वर्ष निम्तिएको प्राकृतिक विपद्ले ठुलै आर्थिक तथा भौतिक क्षतिको सामना गर्नु परेको छ। **सुन्दर, समुन्नत र समृद्ध धरान** नगरी निर्माण गर्ने हाम्रो संकल्प, समस्त धरानवासीको चाहाना र हामीले निर्वाचनमा मत माग्ने क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८२/८३ को नीति तथा कार्यक्रमलाई केन्द्रित गरेका छौं। दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण, गुणस्तरीय पूर्वाधार निर्माण, धरान नगरीको खानेपानी समस्याको अल्पकालिन एवं दीर्घकालिन समाधान, धरानलाई शिक्षा, स्वास्थ्य, पर्यटन रोजगारी, सेवासुविधा र खेलकुदको उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने, सुकुम्वासीहरुको वैज्ञानिक व्यवस्थापन गर्ने विकृति विसंगति मुक्त स्वच्छ, सफा र सुन्दर धरान नगरको पहिचान कायम राख्ने र योजनावद्ध शहरीकरणको विस्तार यस नीति तथा कार्यक्रमको प्रमुख प्राथमिकता रहेको छ।

यस उपमहानगरपालिकाको विकास निर्माणको कार्यहरुलाई गुणस्तरीय बनाउन नगर भित्रका आम उपभोक्ताहरु, टोल विकास संस्था, सर्वसाधारण जनता, उद्योगी व्यवसायीहरु लगायत सामाजिक संघसंस्थाहरुको निरन्तर सहयोग रहदै आएको छ। जनसहभागीता क्षेत्रमा धरानले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, मितव्ययिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिने छ। श्रमदान र श्रम संस्कृतिको क्षेत्रमा धरानले शुरु गरेको विकासको मोडललाई अझ व्यापक बनाइनेछ।

उपमहानगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) लाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनीक तथा चालु खर्चलाई मितव्ययीता कायम गर्दै सेवा प्रवाह प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। यसका लागि सेवा प्रवाहमा डिजिटल सुशासनलाई प्रभावकारी बनाउनु पर्ने देखिन्छ । संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको अत्युत्तम परिचालन एवं उपयोग गर्दै वित्तीय आत्मनिर्भरता कायम गर्ने प्रयत्न गर्नु यो नीति तथा कार्यक्रमको मूल उद्देश्य रहेकोछ।

**सभाध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०८२/८३ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु।

## १) सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### क. शिक्षा

१. आवस्यकता र वास्तविक जीवनसंग जोड्ने र काम सिकाउने जीवनपयोगी सीपमा आधारित शैक्षिक पाठ्यक्रमको विकास गरी सबै विद्यालयलाई क्रमश नमूना विद्यालयको रुपमा विकास गर्ने र सो अनुसारको पठनपाठनको ब्यवस्था मिलाइनेछ ।

२. शिक्षा नियमावली, शिक्षा नीति, वहुभाषा शिक्षा निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्द्धन गरिने छ।

३. उपमहानगरपालिकाबाट निर्माण गरिएको कक्षा १ देखि कक्षा ८ सम्मको पाठ्यक्रमका बाँकी रहेका कक्षाका पाठ्यपुस्तक निर्माण गरी कार्यान्वयन गरिनेछ।

४. विद्यालय बाहिर रहेका र बिच मै विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहन गरिनेछ।

५. सेवा निवृत्त विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी पालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गरिनेछ।

६. बहुभाषिक विद्यालय निर्माण तथा सञ्चालन गरि विभिन्न भाषा र लिपिको संरक्षण गरिनेछ।

७. **"उत्कृष्ट शैक्षिक गन्तव्य पालिका हाम्रो पहिचान"** भन्ने आदर्श लक्ष्य प्राप्तिका लागि सामुदायिक र संस्थागत शैक्षिक संस्थाहरुबाट प्रदान गर्ने उच्च शिक्षालाई थप गुणस्तरीय र सर्वसुलभ तुल्याउन त्यस्ता प्राज्ञिक संस्थाहरुसँग सहकार्य र साझेदारी गरिनेछ।

८. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ।

९. देश विकासमा श्रमदानको महत्वको बारेमा सैद्धान्तिक तथा व्यवहारिक शिक्षा दिइनेछ।

१०. पालिका क्षेत्र भित्रका गुरुकुल, मदर्शा र गुम्बा जस्ता शिक्षालयहरुको स्तर उन्नती गर्दै लगिनेछ।

११. सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा लागु गरिएको शैक्षिक ब्यवस्थापन सूचना प्रणाली (EMIS) प्रणाली लाई परिस्कृत गर्दै निरन्तरता दिईनेछ ।

१२. दलित समुदायको सशक्तिकरणको लागि आवश्यक कानूनको तर्जुमा गरिनेछ।

१३. धरानको एकमात्र बालिका विद्यालयलाई प्रदेशकै नमूना विद्यालय बनाउन आवश्यक पहल गरिनेछ।

१४. नगर क्षेत्रमा रहेका फरक क्षमता (अपाङ्गता) भएका विद्यार्थी अध्ययन गराउने विद्यालयको स्तरोन्नति गरिनेछ।

१५. धरानको गहनाको रुपमा रहेको विषेश विषयहरु अध्ययन गराईने छ । पुर्वाञ्चल इन्जीनियरिङ क्यामपस, खाद्य प्रविधि क्याम्पसलाई अनुसन्धान केन्द्रको रुपमा विकास गर्न प्रदेश सरकार, संघीय सरकार र सम्बन्धित पक्षसँग समन्वय र समझदारी गरिने छ । पिण्डेश्वर क्याम्पसलाई बहुभाषिक विश्वविद्यालयको रुपमा विकास गर्न र महेन्द्र बहुमुखी क्याम्पसमा समाजशास्त्र, कानून आमसञ्चार जस्ता विषयको स्नातकोत्तर सम्मको कार्यक्रम सञ्चालन गर्न विषेश पहल गरिने छ।

१६. विद्यालयमा कार्यरत् शिक्षकलाई क्षमता विकास तथा बालमैत्री शिक्षण सिकाई तालिम प्रदान गरिनेछ।

१७. सामुदायिक विद्यालयका छात्राहरुका लागि सेनेटरीप्याड वितरणको कार्यक्रमलाई ब्यबस्थीत गरिने छ ।

१८. धरान बहुसास्कृतीक, बहुधार्मिक, बहुजातीय र बहुभाषिक शहर भएकाले यसको संम्रक्षण संबर्द्धन गर्न आधारभुत तह देखिनै स्थानीय पाठ्यक्रम तयार गरि आवश्यक्ता अनुसार विद्यालयहरुमा लागु गरिने छ।

१९. विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ्य परिक्षणको ब्यवस्था गरिने छ ।

२०. कानुनी र नीतिगत रुपमा विद्यालयहरुलाई गाभ्ने, ठाउसारी गर्ने तथा नयाँ विद्यालय खोल्ने ब्यबस्था गरिने छ ।

२१. विद्यालय जान नपाएका नानीहरुलाई भर्ना अभियान, अभिभावक विहिन नानीहरुको संरक्षकत्व पालिकाले लिने निती लिईने छ ।

२२. शिक्षकहरुलाई कामको आधारमा सम्मान तथा पुरस्कारको ब्यबस्था गरिने छ ।

२३. संस्थागत विद्यालयको बर्गिकरण गरि पाठ्यक्रम तथा शुल्क प्रणालीमा एकरुपताका लागि सहकर्य आरम्भ गरिने छ ।

२४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

२५. लैङ्गिक हिंसा मुक्त धरान बनाउन हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ । लैङ्गिक हिंसा निवारण कोष परिचालन साथै पीडित तथा प्रभावितहरुका लागि पुनर्स्थापना केन्द्र संचालनका लागि साझेदारी संस्थाहरुसंग समन्वय/ सहकार्य गरिने छ।

२६. एकल महिलाहरुको सामाजिक र आर्थिक विकासका लागि एकल महिला कोष स्थापना गरिनेछ साथै कोशी प्रदेश सामाजिक विकास मन्त्रालय र यस पालिकाको साझेदारीमा मिति २०७६ श्रावणमा गरेको सम्झौता बमोजिम एकल महिला समूहलाई उद्यमशिल बनाउने उद्धेश्यले एकल महिला संस्था धरान-१७ मा उपलब्ध भएको अनुदान रकम हाल वडा नं. ६ को एकल महिला संस्थामा कोशेली घर संचालनका लागी परिचालन भईरहेकोले सम्झौता अवधि समाप्त पछि उक्त फिर्ता हुने रकमलाई एकल महिला कोषमा समायोजन गरिनेछ

२७. २० वटै महिला समितिहरुको प्रतिनिधित्व गरि नगरस्तरीय महिला संजाल गठन गरिनेछ ।

२८. किशोरकिशोरी सूचना तथा परामर्श केन्द्र स्थापना गरिने छ ।

२९. धरान उपमहानगरपालिकालाई सडक मानव मुक्त नगर बनाउन ट्रान्जिट होमको स्थापना गरि सडक मानवहरुको पारिवारीक पुनर्मिलन तथा पुनर्स्थापना गरिनेछ साथै दिर्घकालीन व्यवस्थापनका लागि सम्बन्धित संस्था/निकायहरुसंग समन्वय र सहकार्य गरिनेछ ।

३०. आदिवासी जनजाती, उत्पीडित/उपेक्षित (दलित) र अन्य लक्षित वर्गहरुको लागि सामाजिक, आर्थिक, राजनीतिक, कानूनी र विविध विषयमा क्षमता अभिवृद्धि गर्न सीपमूलक, सचेतनामूलक अभिमुखीकरण जस्ता कार्यक्रमहरु संचालन गरिनेछ।

३१. टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा संचालन तथा परिचालन गरिनेछ।

३२. २० वटै वडामा रहेका अपाङ्गता भएका व्यक्ति तथा अभिभावकहरुको समूह मिलिजुली समूहलाई व्यवस्थित गरि दर्ता/सूचिकृत गरिनेछ ।

३३. अनाथ/असहाय र सहयोगापेक्षी मानवहरुको पारिवारीक पुनर्मिलन तथा पुनर्स्थापना गरिनेछ साथै

३४. दिर्घकालीन व्यवस्थापनको लागि सम्बन्धित संस्था/निकायहरुसंग समन्वय र सहकार्य गरिनेछ ।

३५. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अन्य लक्षित वर्गहरुलाई

३६. नगर विकासमा मूलप्रवाहिकरण गरिनेछ ।

३७. स्थानीय संघ संस्थाहरुको अनुगमन तथा सुपरीवेक्षण गरिनेछ।

**ख. संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम**

१. पालिका भित्र बोलिने विभिन्न जातजातिका मातृ भाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपी तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने नीति लिइनेछ।

२. पालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।

३. सबै जातजातिको मौलिक बाजाहरुको प्रबर्द्धन गरिनेछ।

४. धरान १४ मा रहेको बहुजातिय संग्राहलय सञ्चालयनमा ल्याईनेछ ।

५. सप्तरंगी पार्कको डिजाईनमा परिमार्जन गरी पुनर्निर्माण गरिनेछ।

६. विभिन्न चोकहरुमा जातजातिका सांस्कृतिक पहिचान झल्लकने प्रतिमाहरु निर्माण गरिनेछ।

७. बहुभाषिक पठशाला संचालन गरी भाषाभाषीकाको संरक्षण गरिनेछ।

**ग. युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम**

१. नगरलाई खेल ग्राम बनाउनको निमित्त निर्माण गरिएको गुरुयोजना अनुसार खेल पूर्वाधार निर्माण गर्दै नगरलाई Sports City को रुपमा विकास गरिनेछ।

२. खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ।
३. विभिन्न विधाका खेलकुदहरुको विकास र दिगो व्यवस्थापन गर्दै जाने नीति लिइनेछ।
४. दुर्व्यसनमा परेका युवायुवतीहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनस्थापनाको प्रबन्ध मिलाइनेछ।
५. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशील बनाउन संघ र प्रदेश सरकारसंगको सहकार्यमा कार्यक्रम सञ्चालन गरिनेछ।
६. धरान-९ मा रहेको खेलकुद भवन (कभर्ड हल) को मर्मत सम्भार गर्न पहल गरिनेछ।
७. खेलको शहरको रुपमा परिचित धरानमा रात्रीकालिन समयमा पनि खेल्न सकिने गरी फ्लडलाईट व्यवस्था तथा धरान रंगशालामा कार्यक्रम स्थल (स्टेज) निर्माणका लागि आवश्यक पहल गरिनेछ।
८. आदिवासी जनजाती रङ्गशाला निर्माणका लागि आवश्यक पहल गरिनेछ।
९. जेहेन्दार विद्यार्थीहरुको लागि छात्रवृत्तीको व्यवस्था गरिनेछ।
१०. वी पी को स्वा वि प्रतिष्ठानको हातामा रहेको गल्फ कोर्षको स्तरोन्तती गरी सञ्चालनको लागि आवश्यक पहल गरिनेछ।
११. खेलाडीहरुको प्रोत्साहनको लागि खेलाडी सम्मान गर्न नीति अवलम्बन गरिनेछ।
१२. खेलाडिहरुलाई खेलबाट नै जिविको पार्जन हुने ब्यबस्था मिलाईने छ ।
१३. युवा सुचना तथा बैदेशिक रोजगार साहयता कक्षको ब्यबस्था गरिने छ । युवाहरुको क्षमता र सीप विकास अभिबृद्धी लक्षित कार्यक्रमलाई निरन्तरता दिईने छ । उद्यमसिलताको प्रर्बधन गरिने छ ।बैदेशीक रोजगारीबाट फर्किएका युवाहरुलाई उद्यमसिलता र ब्यबसायीकताको लागि शुल्कमा छुटको ब्यबस्था मिलाईने छ ।
१४. खेलकुद विकास समिती मार्फत सरोकारवालाहरुको सहभागितामा धरानलाई खेलकुद विकासको केन्द्रको रुपमा विकास गरिने छ ।
१५. संघीय तथा प्रदेश सरकारसागको सहकार्यमा धरानलाई खेलग्रम निर्माणका लागि विषेश पहल गरिने छ ।
१६. धरान १५ मा निर्माणधिन क्रिकेट रंगशालालाई अन्तराष्ट्रिय स्तरको बनाउन संघीय सरकारसँग समन्वय गरिने छ ।
१७. विपन्न, गरिब तथा सुकुम्बासी परिवारका युवाहरुलाई कम्प्युटर, मोबाईल, रेडियो तथा टेलिभिजन मर्मत, इलेक्ट्रीसियन, पलम्बर, ब्युटिपार्लर, टेलरिङ, होटल म्यानेजमेन्ट, पशुपालन, तरकारी खेती जस्ता ब्यबसायीक तालिम सहित स्वरोजगार बनाउने निती लिइने छ ।
१८. धरान रंगशालालाई थप सुविधासम्पन्न बनाउन संघीय तथा प्रदेश सरकारसाग विषेश पहल गरिने छ । धरान एन्फा एकेडेमीलाई थप विकास गर्न बजेटको ब्यस्था गर्न पहल गरिने छ ।
१९. विद्यालयहरुमा प्रतियोगितात्मक **'मेयर कप मिनी ओलम्पीक'** सञ्चालन गरिने छ ।
२०. बुढासुब्बा गोल्डकप,गोधुलीकप,मनमोहन स्मृति कप, गल्प टुनामेन्ट, प्रदेश स्तरिय भलिबल, धरान रन, मार्सल आर्ट, प्याराग्लाईडिङ, साइक्लिङ जस्ता गौरबका कार्यक्रमरुलाई दिगो ब्यबस्थापनका लागि आवश्यक नीति लिइने छ ।
२१. बहुजातीय खेल मैदानको स्तरोन्ती गरिनेछ।

### घ. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।
२. महिला, बालबालिका, पछिडिएका वर्ग, भूमिहिन, गरिब, समान्तकृत, आदिबासी जनजाति, मधेशी, मुस्लिम, अल्पसंख्य, दलित र लामोसमय देखि समाजिक बहिष्करणमा परेका सबै लक्षित बर्गको समाजिक उत्थान र जीवन सुधारका लागि वडा तथा नगर तहमा सञ्चालित सो सम्बन्धि कार्यक्रमहरुलाई प्रभावकारी बनाईने छ।
३. ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले, जिवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पूँजि लगानी सहयोग गरिनेछ।

४. विकासका कार्यक्रमहरुमा टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा सहभागी गराइनेछ, सघन परिचालन गरिनेछ।
५. यस उपमहानगरपालिकालाई सडक मानव मुक्त बनाउने कार्यलाई निरन्तरता दिईनेछ।
६. सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ।
७. अपाङ्गता पुनस्थापनाको लागि पुनर्स्थापन गृह निर्माण गरी सञ्चालन गरिनेछ।
८. पालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।
९. पालिकाका बालमैत्री घोषणा हुन बाँकी सबै वडाहरुलाई बालमैत्रि वडा घोषणा गरी नगर बालमैत्री घोषणा कार्य सम्पन्न गरिनेछ।
१०. बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ।
११. बहुआयामिक पुनर्स्थापना केन्द्र निर्माण एवम् सञ्चालन गरिनेछ।
१२. अति विपन्न वर्गलाई निःशुल्क एम्बुलेन्स तथा शव बाहनको व्यवस्थाको लागि पहल गरिनेछ।
१३. अति विपन्न परिवारका सदस्यको दाहसंस्कारको लागि आवश्यक सहयोग उपलब्ध गराउने व्यवस्था गरिनेछ।
१४. ज्येष्ठ नागरिकसँग नगरपालिका भन्ने कार्यक्रमलाई नीति बनाई कार्यान्वयन गरिनेछ।
१५. महिला व्यवसायीहरुलाई प्रोत्साहन दिन व्यवसाय कर नविकरणमा छुटको व्यवस्था गरिनेछ।
१६. एचआइभी/एड्स तथा पुर्व लागुऔषध दुर्बेशनीहरुलाई समाजमा पुर्नस्थापना गर्न कार्यक्रमहरु सञ्चालन गरिने छ । साथै लागु पदार्थ दुर्व्यसन तथा महिला हिंसा विरुद्ध टि.एल.ओ. तहबाट सामुदायीक सुरक्षा गरिनेछ।
१७. लैङगिक हिंसामुक्त धरान,हिंसा विरुद्ध शुन्य सहनशिलताको निती कडाईका साथ कार्यान्व्यिन गरिने छ ।
१८. धरान प्रज्ञा प्रतिष्ठान मार्फत बौद्धिक बहसका कार्यक्रमहरु सञ्चालन गरिने छ ।
१९. धरान नाटक घरलाई निर्माण सम्पन्न गरि थप ब्यबस्थित गरिनेछ ।

**ङ. स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम**

१. रोकथामको नीति लागु गरी रोग लाग्न नदिन जनचेतना र सतर्कताको कार्यक्रमहरु संचालन गरिनेछ।
२. लागु औषध दुर्व्यसन मुक्त शहर बनाउन विभिन्न कार्यक्रमहरु आयोजना गरी अभियान संचालन गरिने छ।
३. नागरिकको पहुँच सुनिश्चित हुने गरी उपमहापालिकाक्षेत्र भित्र आधारभूत स्वास्थ्य सेवाको गुणस्तर बृद्धि गरिनेछ।
४. बर्थिङ्ग सेन्टर र स्वास्थ क्लिनिकहरुको सेवाको स्तरोन्नति गर्ने क्रममा प्रयोगशाला सहितको सेवा उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ।
५. नेपाल रेडक्रस सोसाइटीसँग सहकार्य गरी रक्त सञ्चार सेवालाई सहज तुल्याइनेछ।
६. अर्गानिक खाद्यन्न विकास र विस्तारमा विशेष जोड दिईनेछ।
७. महिला स्वयंसेविकाहरुको सेवालाई थप प्रभावकारी तुल्याइनेछ।
८. स्वास्थ क्लिनिकहरुले प्रदान गर्ने आधारभुत सेवाहरुको शुल्कलाई नियमन गरिनेछ।
९. धरान १ मा रहेको पुरानो अस्पताललाई नगर अस्पतालको रुपमा सञ्चालन गर्न पहल गरिनेछ।
१०. वी.पी.को.स्वा.वि.प्रतिष्ठानको स्वास्थ्य सेवालाई स्तरीकरण गरी अझ प्रभावकारी रुपमा संचालन गर्ने गरी नीति नियम बनाउन सिनेट सदस्यका हैसियतबाट आवश्यक पहलकदमी गरिनेछ ।
११. नागरिक स्वास्थ्य कार्यक्रम तथा बि.पि. काईराला स्वास्थ्य विज्ञान प्रतिष्ठानसँग साझेदारी कार्यक्रमलाई निरन्तरता दिईने व्यवस्था गरिनेछ।
१२. विपन्न परिवारका सदस्यहरुलाई रेविज विरुद्धको खोप निःशुल्क उपलब्ध गराउने व्यवस्था गरिनेछ।
१३. वडा स्तरमा रहेका स्वास्थ्य केन्द्रहरुमा विषेशज्ञ सेवा उपलब्ध गराउन विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानसाग सहकार्य गरिने छ ।
१४. बच्चा जन्मीए देखि पाँच बर्ष सम्म सरकारले निःशुल्क गरेका बाहेकको उपचारमा उपमहानगरको तर्फबाट ५० प्रतिशतले हुन आउने छुट सुविधा वा उपचार खर्च उपलब्ध गराउने नीति लिईने छ ।

१५. वी पी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान सँग समन्वय गरि मृगौला, क्यान्सर, उच्च रक्तचाप, मधुमेह, एचआइभीएड्स/, स्पाइनल इन्जुरी, अल्जाइमर, फिस्टुला जस्ता रोगहरुको परिक्षण तथा उपचार वडा स्तरबाटै निशुल्क जाँच र उपचारका लागि २५ प्रतिसत सहायता उपलब्ध गराउने नीति लिईने छ ।

१६. वडा नं. १८ मा स्वास्थ्य केन्द्र स्थापनाको लागि आवश्यक व्यवस्था गरिनेछ।

१७. सामुदायीक तथा संस्थागत विद्यालयहरु तथा कलेजहरुमा स्टाफ नर्सको ब्यबस्था गर्ने नीतिलाई कडाईका साथ कार्यान्वयन गरिने छ ।

१८. नेपाल सरकारले लागु गरेको स्वास्थ्य विमा कार्यक्रममा नगरबासीको सतप्रतिसत सहभागिता गराउने आवश्यक कार्य गरिनेछ ।

१९. स्वास्थ्य विमाबाट उपचार सेवा लिदा हुने झण्झटलाई हटाउन सेवा प्रदायकहरुसँग ठोस पहल गरिनेछ।साथै औषधी समेत उपलब्ध गराउँन पहल गराइनेछ।

२०. धरानलाई रक्तदाताको शहरको रुपमा विकास गर्न नेपाल रेडक्रस सोसाइटी साग सहकार्य गरि आवश्यक कार्यहरु गरिने छ ।

२१. वालबालिका र जेष्ठ नागरिकलाई निमोनिया रोग विरुद्धको खोप निःशुल्क उपलब्ध गराउने निती लिंइने छ।

२२. योग, आर्युबेद, होमियोपेथिक जस्ता सेवाहरुर्लाइ सहजता, सहुलियत र प्रभाबकारी बनाउन विषेश संयन्त्र मार्फत कार्यक्रम सञ्चालन गरिने छ ।

**च. आदीबासी जनजाति**

१. आदिबासी जनजातीहरुको भेषभुष,भाषा,कला,धर्म,संस्कृती,परम्परा,रितिरिवाज एबम् मौलिक पोसाकहरुको उत्पादन र ब्यबसायी करणका लागि कार्यकम सञ्चालन गरिनेछ।

२. लोपोन्मुख,सिमान्तकृत र पछाडि परेका आदिबासी जनजाती तथा दलित समुदायको सामाजिक ,आर्थिक तथा शैक्षिक विकासका लागि कार्यक्रमहरु सञ्चालन गरिने छ।

३. धरान १४ मा निर्माणाधिन बहुजातिय संग्राहलयको निर्माण सम्पन्न गरि अध्ययन केन्द्रको रुपमा विकास गरिने छ ।

४. आदिवासीहरुको अधिकार सम्बन्धी सर्वोच्च अदालतको निर्देशनात्मक आदेशको पूर्ण पालना गर्दै आइएलओ महासन्धि नं.१६९ र UNDRIP 2007 को मर्म र भावना अनुसार नीति बनाइ कार्यान्वयनमा लाने।

**छ. जेष्ठ नागरिक**

१. जेष्ठ नागरिक, अपाङगता, असाहयको लगत संकलन र सहयोगको अभियान अन्तर्गत निःशुल्क स्वास्थ्य परिक्षण सेवा उपलब्ध गराउने एबम् तिनीहरुको औषधीमा छुट सहायता दिने नीति लिईने छ।साथै वडा ज्येष्ठ नागरिकलाई प्रभावकारी बनाइनेछ।

२. वडातहमा जेष्ठ नागरिकहरुका लागि भेटघाट स्थलको निर्माण गरिने छ ।

३. २० वटै वडामा रहेका ज्येष्ठ नागरिक समितिहरुलाई प्रोत्साहन गरि सक्रिय बनाईने छ।

**ज. महिला तथा बालबालिका**

१. चालु आर्थिक बर्ष भित्र नै वालमैत्री वडा घोषणा गरिने छ । यसका लागि प्रत्येक वडामा आवश्यक पुर्वाधार तथा कार्यक्रम लागु गरिनेछ ।

२. प्रत्येक सामुदायीक तथा संस्थागत विद्यालयहरु र टोल विकास तहमा समेत वाल क्लब गठन निरन्तरता दिईनेछ।

३. उपमहानगर क्षेत्रमा पुर्वाधार निर्माण गर्दा वालमैत्री हुने गरि निर्माण गरिने छ ।

४. धरानलाई महिला हिंसा मुक्त नगरको रुपमा घोषणा गरिने छ ।

५. महिलाहरुको आर्थिक तथा क्षमता विकासका लागि शिप मुलक तालिम सागै आर्थिक सहुलियतका लागि पहल गरिने छ ।

६. महिलाहरुद्धारा उत्पादीत तथा प्रबर्द्धित वस्तुहरुमा छुटको ब्यबस्था गरि ब्राण्डिङ गर्ने निती लिईने छ ।

७. लिला श्रेष्ठ सुब्बा सुरक्षित मातृत्व कार्यक्रम प्रभाबकारी बनाई विस्तार गरिने छ ।

८. वी पी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानसँग सहकार्य गरि गर्भवती तथा सुत्केरी आमा तथा बच्चाको स्वास्थ्य उपचारलाई द्रुत तथा सहुलियतपुर्ण बनाउन पहल गरिने छ ।

**झ. दलित विकास तथा अब्यबस्थित बसोबास**

१. दलित विकास समिती मार्फत दलितहरुका परम्परागत पेशा ब्यबसायलाई मौलिकता झल्कनेरि आधुनिक रुपमा विकास गर्न विषेश कार्यक्रम सञ्चालन गरिने छ । साथै वडा स्तरका कार्यक्रमलाई एकरुपता ल्याइने छ ।

२. दलित समुदाय लक्षित जनता आवसा कार्यक्रमलाई प्रभाबकारी कार्यान्वय गरिने छ ।

३. धरान भित्र नमुना बस्ति निर्माण गर्ने कार्यालाई प्रभाकारी ढङगले अगाडी बढाईने छ ।

४. जातिय छुवाछुतलाई शुन्य शहनशिलताको निती लिईने छ ।

**ञ. सुकुम्बासी,अब्यबस्थित बसोबास**

१. सुकुम्बासी तथा अब्यबस्थित बसोबासलाई घर नम्बर उपलब्ध गराईने छ ।

२. लगत संकलन भईसकेका र पानी,विजुलीको विल तथा बसोबासका आधारमा कर तिर्दै आएका सुकुम्बासी तथा अब्यबस्थित बसोबास गर्नेहरुलाई ब्यबस्थित गरिनेछ ।

३. हाल बसोबास गरिरहेको स्थानबाट कुनै कारणले बसोबास स्थलबाट हट्नुपर्ने अवस्थामा बसोबासको बैकल्पीक ब्यबस्था मिलाएर मात्र आवश्यक कार्य गर्ने निती अवलम्बन गरिने छ ।

४. सर्दु, सेउती तथा खहरे करिडोर भित्र पर्ने प्रभावित भुमिहिन तथा सुकुम्बासी परिवारलाई आवसको सुनिस्चितता गरिने छ। साथै अवस्थित बसोबासको वर्ष पिछे हुने अतिक्रमणलाई नियन्त्रण गरिनेछ।

## २. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### क. उद्योग तथा पर्यटन सम्बन्धी नीति

१. धराने सावुन तथा वेसार उद्योगको स्थापना गरी स्थानीय स्तरमा रोजगारीको सृजना गरिनेछ।

२. धरान-२० स्थित चिण्डो डाँडामा सुम्निमा पारुहाङ प्रतिमा सहितको सांस्कृतिक सम्पदा निर्माण गर्ने। त्यहाँ पुग्ने बाटो निर्माण गर्ने।

३. कपास प्रशोधन केन्द्रको स्थापना गरी आफैं उत्पादनमा लुगाफाटा बनाईनेछ।

४. वडा नं. ६ मा रहेको औद्योगिक ग्राम निर्माण छिटो सम्पन्न गर्न संघीय सरकार समक्ष पहल गरिनेछ।

५. उद्योग वाणिज्य संघ र नीजी क्षेत्रसंग समन्वय र पहलमा स्थानीय कच्चा पदार्थमा आधारीत उद्योग स्थापना गरि औद्योगिक ग्राम सञ्चालन गरिनेछ।

६. विभिन्न जातजातिको जातिय परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ।

७. अन्तर पालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पालिकाहरुसँग भगिनी सम्बन्ध विस्तार गरिनेछ। धरानको विकासमा यातायात क्षेत्रको ऐतिहासिक भुमिकालाई मध्येनजर गर्दै निर्माणाधिन स्मार्ट बस पार्कको निर्माण सम्पन्न गरी पूर्व क्षेत्रकै यातायात क्षेत्रको मुख्य प्रस्थान विन्दुको रुपमा विकास गरिनेछ।

८. पर्यटन प्रबर्द्धनका लागि तयार गरिएका गुरुयोजनाहरुलाई सार्वजनिक निजी साझेदारी कार्यक्रमको अवधारणा अनुरुप अगाडी बढाईनेछ।

९. परम्परागत सीपमूलक कार्यक्रमहरुलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ।

१०. बृहत्तर विजयपुर विकास क्षेत्र घोषणा गर्न उचित योजना बनाई स्थानीय कानुन निमार्णमा पहलकदमी गरी धरानको पर्यटन प्रबर्द्धनमा पहल गरिनेछ।

११. धरान उपमहानगरपालिका क्षेत्रभित्र रहेका विभिन्न पार्कहरुलाई व्यवस्थित र आकर्षित बनाई सञ्चालन गर्न गरि पर्यटकीय स्थलहरुको संख्यामा बृद्धि गरिनेछ ।

१२. १०० वर्ष भन्दा पुराना मन्दिर विश्व सम्पदा सूचीमा राख्न पहल गरिनेछ।

१३. धरान १४ लाई धार्मिक पर्यटकीय स्थलको रुपमा अगाडी बढाउन विशेष पहल गरिनेछ।

१४. रात्रीकालिन बजार सञ्चालनको लागि आवश्यक पहल गरिनेछ।

१५. धरान ४ मा रहेका शौचालयहरु मर्मत गरी सञ्चालनमा ल्याईनेछ।

१६. पत्रङवारीमा रहेको पञ्चकन्या मन्दिर र हालमा रहेका संरचनाहरुको मर्मत सम्भार गरि संरक्षण गरिनेछ।

१७. नगरका हरेक योजनाहरुलाई आर्थिक क्षेत्रसाग जोड्न सार्वजनिक निजी साझेदारीको मर्म अनुसार सञ्चालन गरिने छ। नगरबासीको प्रतक्ष्य सहभागितामा आर्थिक विकासका कार्यहरु गरिनेछ ।

१८. पालिकाको सम्भावित कृषि क्षेत्रमा उत्पादनमुखी , रोजगारमुखि, कार्यक्रम बनाएर कृषि क्षेत्रको बैज्ञानिकीकरण, सहुलियत दरमा ऋण उपलब्धता, बास्तविक कृषकलाई ऋण, आत्मानिर्भर बनाउन भु उपयोग नीतिलाई प्रभाबकारी कार्यान्वयन गर्ने, जमिनको जथाभावि प्रयोगलाई नियन्त्रण गर्ने, कृषकहरुलाई आबश्यक जमिन चाहिएमा उपलब्ध गराउने, माटोको परिक्षण गराउने, रिसर्चको प्रबन्ध मिलाउने निती लिईने छ ।

१९. अतिथीमैत्री धराने संस्कृतीको भावना जागृत गर्दै पर्यटक ल्याउने, घुमाउने, धेरै समय सम्म राख्ने, मिठो खुवाउने, असल ब्यबहार गर्ने, उचित परामर्श दिने पर्यटक सवारी साधनको ब्यबस्था गर्ने, गाईड ब्यबस्थापन गर्ने नीतिलाई थप प्रभाबकारी बनाईने छ ।

२०. पर्यटकीय क्षेत्रहरुमा निर्माण भएका तथा हुने घरहरुलाई परम्परागत तथा सास्कृतीक बनाउन आवश्यक पहल गरिने छ ।

२१. धरान क्षेत्रभित्र ऐतिहासिक तथा सास्कृतीक विषेशता झल्कने गरि होमस्टे निर्माण गर्ने कार्यालाई प्राथमिकतामा राखिने छ ।

२२. धरान क्षेत्रभित्रका ऐतिहासिक मठमन्दिर, गुम्बा, साकेला थान र थुम तथा गढी, चतरा, बराहक्षेत्र रामधुनी लगायतका ठाउहरुलाई धार्मिक तथा ऐतिहासिक करिडोरको रुपमा निर्माण गर्न संघ तथा प्रदेश सरकारसँग नागरिक सहभागितामा पहल गरिने छ ।

२३. धरानका विभिन्न ठाउमा स्थापित पर्यटन सूचना केन्द्रहरुलाई प्रभाबकारी ढङगले सञ्चालन गर्ने नीति लिईने छ।

२४. धरान-८ मा रहेको बौद्ध दाह संस्कार मिनि लुम्बिनी तथा बौद्धगया कुशिनगरलाई पर्यटन प्रबर्द्धन गरिनेछ।

**ख. कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम**

१. कृषकलाई अनुदान दिंदा वास्तविक कृषकले प्राप्त गरुन भन्नका खातिर उत्पादनको आधारमा कृषि अनुदान दिइनेछ।

२. तरकारी उत्पादनको लागि ब्यवसायिक, करेसावारी, करार खेती र कौशी खेतीको लागि नमूना तालिम, प्रविधि र नमूना कार्यक्रम सञ्चचालन गरी प्रोत्साहन गरिनेछ ।

३. पालिका भित्रका कृषकहरुको खण्डिकृत/वर्गिकृत एवं विस्तृत तथ्याङ्क आधार निर्माण गरिनेछ।

४. उत्पादन लागत, थोक तथा खुद्रा मुल्य विश्लेशण गर्दै विचौलियाबाट उत्पादकमाथि हुने ठगी तथा शोषण नियन्त्रणका लागि मुख्य कृषि उपजको पालिका भित्र समर्थनमुल्य निर्धारण गरिनेछ।

५. ब्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई पूर्वाधार निर्माण गरिनेछ।

६. मासु पसल तथा बधशालाहरुको पूर्वाधार स्तरोन्नती गरी स्वास्थ्य मापदण्डमा आधारित तुल्याइनेछ।

७. व्यवसायिक रुपमा पशु पालन गर्ने किसानलाई प्रोत्साहन गर्ने नीति लिईनेछ।

८. कृषिका सम्भावित क्षेत्रहरु धरान-४, ५, ६,१७ र २० लाई कृषिको सम्भाव्यता अध्ययन गरी अनुदान वितरण गर्न पहल गरिनेछ।

९. धरानका ४,५,६ र २० नम्बर वडालाई कृषि उत्पादनको क्षेत्रको रुपमा राखि आवश्यक पूर्वाधार निर्माण गरिने छ।

१०. रुद्राक्षरण्य भूमीको रुपमा रहेको धरानलाई रुद्राक्षमय बनाउन एक घर एक रुद्राक्षको विरुवा रोप्ने नीति अवलम्बन गरिनेछ।

११. कृषकहरुलाई प्रोत्साहन गर्न पशु आहाराको वितरण, उन्नत विउ विजनको व्यवस्था र आवश्यक सिप तथा प्रविधि आदी उपलब्ध गराईनेछ।

१२. पालिका बजारलाई प्रतिस्पर्धा मार्फत सञ्चालनमा ल्याउने र किसानलाई उचित मूल्य र उपभोक्तालाई सहुलियतमा सब्जि तथा फलफुल उपलब्ध गराउने नीती लिईने छ।
१३. धरान तथा आससासका क्षेत्रहरुमा उत्पादीत कृषिजन्य बस्तुको विक्री केन्द्रको रुपमा धरानलाई स्थापित गरिनेछ ।
१४. बालि बिमा र कृषक परिचयपत्र लागु गर्ने निती लिईनेछ ।
१५. आफ्नो गाँउ आफै बनाउन कार्यक्रमलाई आर्थिक क्षेत्रसँग जोड्ने नीति लिईने छ ।
१६. कृषकले उत्पादन गरेको बस्तुहरुको विक्री सिधै उपभोक्ता वा दर्तावाला विक्रतासाग मात्र हुने ब्यबस्था मिलाईने छ ।कृषिक्षेत्रमा हुने विचौलियाको अन्त्य गर्ने निती लिईने छ ।
१७. आर्थिक विकासका कार्यक्रमहरु सञ्चालन गर्न कृषि उत्पादन बृद्धि गर्न किसानलाई आधुनिक उपकरण खरिदमा सहुलियत दिने,आधुनिककरणका लागि आवश्यक शिप तथा तालिमहरु उपलब्ध गराईने छ ।
१८. अर्ग्यानिक उत्पादनमा जोड दिन रसायनिक मलको प्रयोगलाई निरुत्साहित गर्न आवश्यक निती लिईने छ।
१९. मौसम सुहाउदो,फलफुल खेती,मासुजन्य उत्पादनहरु प्रोत्साहन गरिने छ ।
२०. धराने कालो बङगुर उत्पादनका लागि किसानहरुलाई प्रोत्साहन गरिने छ ।

### ग. सहकारी सम्बन्धी नीति तथा कार्यक्रम

१. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निक्षेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।
२. पालिका भित्र स्थापना हुने कृषि समुह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।
३. सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।
४. कृषि लगायत विषयगत सहकारीलाइ सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाइ कठोर रूपमा कार्यान्वयन गरिनेछ।
५. जनसंख्या अनुपातमा सहकारीको संख्या बढी देखिएको हुँदा सहकारी मर्जरको नीतिलाई अगाडी बढाईनेछ।
६. सहकारीहरुमा देखिएका समस्या र विक्रतीलाई नियन्त्रण गर्न ठोस कदम चालिने छ ।
७. वचत तथा ऋणलाई सुरक्षित गर्न प्रदेश तथा संघसँग आवश्यक समन्वय गरिने छ ।
८. मर्कामा परेका सहकारी पिडितहरुलाई सम्बोधन गर्न छुटै सुनुवाई संयन्त्र निर्माण गरिनेछ।

## ३. सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम

१. नेपाल पत्रकार महासंघ सुनसरीको सहकार्यमा स्थानीय सञ्चार गृहहरुको सुदृढिकरण गर्दै संचार संस्था र पालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने, पालिकाका निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति लिइनेछ।
२. पत्रकार महासघं सागको सहकार्यमा नियमित फेलोसिप कार्यक्रम सञ्चालन गरिनेछ ।
३. पालिका क्षेत्र भित्रबाट प्रकाशित हुने स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, अनलाईन पत्रिकाहरुको व्यवसाय प्रवर्द्धनका कार्यक्रमहरु संचालन गरिनेछ।
४. अनलाइन मिडियाहरुको व्यवस्थापन र प्रबर्द्धनमा जोड दिइनेछ।
५. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।
६. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै पालिकालाई सूचनामैत्रि तुल्याइनेछ।
७. स्थानीय सञ्चारमाध्यमलाई प्रोत्साहन गर्न विज्ञापन प्रणालीलाई एकिकृत गरिने छ ।
८. श्रमजीवि पत्रकार ऐन कार्यान्वयन गर्न आवश्यक समन्व्य तथा सहजीकरण गरिने छ ।
९. धरानलाई सञ्चारको राजधानिको रुपमा विकास गर्न आवश्यक पुर्वाधार तयार गरिने छ ।
१०. सामाजिक सञ्जाललाई मर्यादीत बनाउन नेपाल प्रहरीको साईबर ब्युरोसाग सहकार्य गरि आवश्यक कार्यहरु गरिने छ।
११. नगरका सुचनाहरु आम नागरिक सम्म पुऱ्याउन ‘अर्लट एप’ निर्माणको कार्य सुरु गरिने छ ।

१२. प्रत्येक महिनाको अन्त्यमा जनतासाग जनताका प्रतिनिधि कार्यक्रम सञ्चालन गरिने छ ।
१३. नगरका सुचना तथा तथ्याङकलाई डिजीटलाईज गर्न आवश्यक ब्यबस्था मिलाईने छ ।
१४. लोक कल्याणरी विज्ञापनलाई थप ब्यबस्थित र प्रभाबकारी बनाईने छ ।

## ४. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धि नीति तथा कार्यक्रम

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।
२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।
३. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

## ५. सुशासन, सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम

१. पालिकाभित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सोको सम्बोधन अनलाईन प्रणालीकै माध्यमबाट गर्ने व्यवस्था गरिनेछ।
२. आर्थिक तथा प्रशासनिक सुशासन कायम गर्दै पुरानो बेरुजु फछ्यौट गर्ने कार्य अगाडि बढाईनेछ।
३. प्रत्येक महिनाको आय/व्ययको मास्केवारी कार्यपालिका तथा वडा कार्यालयको सूचनापाटि तथा वेवसाइटमा प्रकाशित गरिनेछ ।
४. योजना तथा कार्यक्रमहरुको व्यवस्थापनमा कार्यालयको मानव संशाधन पर्याप्त नभएको अवस्थामा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।
५. पालिकाबाट प्रवाह हुने सबै सेवाहरुमा कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईने छ ।
६. सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन वडाका विभिन्न ठाउँमा, पर्यटकीय स्थल तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा सि. सि. टि. भि. क्यामेरा जडान गरिनेछ ।
७. सडक फुटपाथमा हुने अव्यवस्थित पार्किङ्ग, निर्माण सामग्री भण्डारण र फुटपाथ पसलहरुको अनाधिकृत प्रयोगलाई निरुत्साहित गर्दै उचित व्यवस्थापन र निजी क्षेत्रको सहकार्यमा उपयुक्त पार्किङ्ग स्थलहरु पहिचान गरी सञ्चालन गरिनेछ।
८. आधारभूत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।
९. पालिकाभित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहीन ढंगले खोजी गरी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ।
१०. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखी तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।
११. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य गरिनेछ।
१२. धरान उपमहानगरपालिका (तत्कालिन धरान नगरपालिका, पाँचकन्या र विष्णुपादुका गाविस) मा पन्ध्र वर्षभन्दा बढि अबधि देखि हालसम्म करार सेवामा निरन्तर कार्यरत् कर्मचारीलाई उहाँहरुले हालसम्म गर्नु भएको योगदानको कदर गर्दै कानून बनाई सम्मान स्वरुप एक पटकको लागि Golden Handshake को व्यवस्था गरी (सुनौलो अवसर) सेवाबाट विदा लिनसक्ने अवसर प्रदान गरिनेछ। यस कार्यक्रमबाट रिक्त हुने दरबन्दि स्वतः खारेज गर्ने व्यवस्था समेत गरिनेछ।
१३. सेवा प्रभावलाई थप प्रभावकारी बनाउँन वडा कार्यालय नभएका वडाहरुमा वडा कार्यालयको लागि कार्यालय भवन निर्माणको लागि पहल गरिनेछ।
१४. कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकासका लागि क्षमता विकास तालिम तथा सेवाकालिन तालिम सञ्चालन गरी सेवा प्रवाहलाई शिघ्र, सरल र स्वोचालित बनाइनेछ।

## ६. वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रमः

### क. खानेपानी तथा सरसफाई

१. खानेपानी व्यवस्थापन बोर्डले सेवा दिन नसकेका क्षेत्रहरुमा रहेको खानेपानी समस्याको तत्कालीन, अल्पकालीन र दीर्घकालीन समाधानका लागि पहल गर्दै भइरहेको उत्पादन तथा वितरण प्रणालीलाई सहज बनाइनेछ।

२. जलाधार संरक्षण कार्यक्रम संचालन गरी पालिकाभित्र रहेका भूमिगत पानीका स्रोतहरू तथा जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानीको स्रोत वृद्धिको प्रबन्ध मिलाइनेछ।

३. विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ।

४. जल पुनर्भरण योजना र वर्षातको पानी संकलन गर्ने प्रविधिलाई उपयोगमा ल्याउन प्रारम्भ गरिनेछ।

५. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्यलाई निरन्तरता दिइनेछ।

६. टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

७. अस्पतालजन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ।

८. जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गरिनेछ।

९. प्लाष्टिकजन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिनेछ।

१०. किसानलाई अनुदान दिदा उत्पादनको आधारमानी अनुदान दिने।

### ख. वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापनः

१. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।

२. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्ध्दन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दि गरिनेछ ।

३. ऐतिहासिक पोखरीहरुको संरक्षण गरी जल, जमिन तथा जलाधारको संरक्षण गरिनेछ।

४. भूसूचना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्साङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरिनेछ ।

५. ढुंगा, गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।

६. वातावरणमैत्री ईलेक्ट्रिक भेकल (विशेष गरी २०२४ मोडल) गाडीहरुको संचालनबाट आयआर्जनको समेत गर्ने गरी धरान उपमहानगरले सञ्चालन गर्न पहल गरिनेछ।

७. बाँदर नियन्त्रण तथा व्यवस्थापनको लागि उचित कार्यक्रम तर्जुमा गरी समस्या समाधानको लागि पहल गरिनेछ।

८. पाँचकन्या जंगललाई जैविक विविधताको अध्ययन केन्द्र तथा वोटानीकल गार्डेनको रुपमा अगाडी बढाईने नीति लिईनेछ।

९. धरान ६ स्थित फोहोर प्रोत्साहन केन्द्रलाई सञ्चालनमा लाईनेछ।

## ७. व्यवस्थित शहरी योजना, वस्ति विकास, आवास तथा पूर्वाधार विकासः

१. आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

२. पालिकाभित्र सञ्चालन गरिने आयोजनाहरुको पहिचान गरी “आयोजना बैंक” तयार गरिनेछ। यसमा समाविष्ट आयोजनाहरु क्रमशः कार्यान्वयन गर्दै लगिनेछ।

३. विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।

४. घर निर्माणमा जनताको अनुत्पादक खर्च नहोस् र पुँजी चलायमान होस् भन्ने उद्देश्यले घर निर्माण गर्नुपूर्व नागरिकलाई घरको आवश्यकता, घरको लागत, मापदण्ड र उपयोग सम्बन्धमा निःशुल्क परामर्श दिईनेछ।

५. नगरका भौतिक पूर्वाधार निर्माण तथा मर्मत कार्य/योजनाहरु श्रमदानबाट समेत सम्पन्न गर्ने।

६. विपद्जन्य कार्य गर्नु पर्दा श्रमदानबाट समेत गर्ने/ गराउँने।

७. नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक एवं स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धि ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

८. पालिका क्षेत्रभित्र बन्ने संस्थागत सार्वजनिक तथा व्यापारिक भवनहरुमा पार्किङ्ग स्थलको व्यवस्था अनिवार्य गर्नु पर्ने नीति लिइनेछ।

९. पालिकाको सीमा क्षेत्र यकिन गरी पालिका सीमानामा कलात्मक तथा पालिकाको ऐतिहासिक मौलिकता झल्किने गरी स्वागतद्वार निर्माण गरिनेछ।

१०. पालिकामा निर्माण भएका पूर्वाधार संरचना (पूँजीगत सम्पति) को लगत अद्यावधिक गरी Asset Management Plan तयार गरी कार्यान्वयन गरिनेछ ।

११. पूर्वाधार योजनामा निजीक्षेत्रसँगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरी कार्यान्वयन गरिनेछ।

१२. राष्ट्रिय गौरवको योजनामा रहेको जोगबनी किमाथाङ्का राष्ट्रिय सडकलाई धरानबाट निकासा दिन सम्बन्धित निकायहरुमा आवश्यक पहल कदमी गरी यथाशक्या चाँडो निकास दिईनेछ।

१३. धरानमा रहेका खोलाहरुमा तटबन्धन निर्माण गरी जनधनको क्षति हुनबाट जोगाउन आवश्यक रहेकोले मसाने, अधेरी, शेरा, सर्दु, सेउती र खहरे खोलाहरुमा तटबन्ध सहित करिडोर निर्माण गर्न पहल गरिनेछ।

१४. धरान उपमहानगरपालिका १३ नं.मा रहेको सर्दु जलाधारको जग्गा सीमा विवादलाई यथासक्य सम्वन्धित पक्षसँग समन्वय गरी निष्कर्षमा पुग्न आवश्यक पहल गरिनेछ।

१५. धरान उ.म.न.पा. भित्र सञ्चालनमा रहेको One Way लाई सहज तुल्याउने वडा नं. १, २,३ मा रहेको सडकलाई आवश्यक मर्मत सम्भारको कार्य गरिनेछ ।

१६. जिल्ला ट्राफिक प्रहरी कार्यालय सुनसरीलाई भवन निर्माणका निमित्त आवश्यक बजेटको व्यवस्था गरी यथाशक्य चाँडो भवन निर्माणको लागि आवश्यक पहल गरिनेछ।

१७. नवनिर्मित स्मार्ट बस पार्कमा आवश्कय पूर्वाधारको निर्माण गरी यथाशक्य चाँडो सञ्चालयनमा ल्याउने आवश्यक व्यवस्था गरिनेछ।

१८. भुतपूर्व सैनिकहरुसंग सामाजिक साझेदारी कार्यक्रमको तर्जुमा गरि भौतिक पूर्वाधार तथा सामाजिक विकासका कार्यक्रम तर्जुमा गर्न पहल गरिनेछ।

१९. आन्तरिक राजश्व कार्यालय धरानलाई कोशी प्रदेशको मुख्य कार्यालयको रुपमा विकास गर्न आवश्यक पहल गरिने छ।

२०. वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई छाता ऐनमा राखि अन्यत्र सार्न खोजीएको देखिएकाले त्यसका लागि नगरबासीसँगैकै सहकार्यमा आवश्यक कार्यहरु गरिनेछ । प्रतिष्ठानलाई आफ्नौ ऐन अनुसार सञ्चालन गर्न र थप व्यबस्थित र गुणस्तरीय बनाउन पहल गरिने छ ।

२१. उपभोक्ता समितीहरु मार्फत सञ्चालन हुने पुर्वाधार विकास निर्माणका काममा जनसहभागिता बाफतको लागतमा एकरुपमा ल्याउन कार्यविधि निर्माण गरिने छ ।

२२. सडक कालोपत्रे गर्दा गुणस्तर युक्त अस्फाल्ट,कंक्रटीङ प्रविधिको प्रयोग गरिने छ ।सडक निर्माण गर्दा हुने बजेटको चुहावटलाई नियन्त्रण गरिने छ ।

२३. मदन भण्डारी राजमार्ग निर्माणको कार्यलाई तिब्रता दिन पहल गरिनेछ । साथै जागवनी धरान सडक खण्ड अन्तर्गत धरान बजार क्षेत्र भित्रको मापदण्ड शहरी सडकको मापदण्ड कायम गर्ने गरि पहल गरिने छ ।

**८. राजस्व तथा आन्तरिक श्रोत परिचालनः**

१. खोला दोहन तथा वनजंगल अतिक्रमण वाहेक पालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि गरिएको राजस्व सम्भाव्यता अध्ययन प्रतिवेदन क्रमशः कार्यान्वयन गरिनेछ।
२. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ।
३. अग्रिम कर भुक्तानीमा छुटको व्यवस्था गरिनेछ।
४. कर बक्यौता जरीवाना छुट र असुलीलाई विशेष अभियान सञ्चालन गरी असुल गरिनेछ।
५. घरबहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राख्ने प्रणाली विकास गरिनेछ।
६. प्रगतिशील कर प्रणाली अवलम्बन गरिनेछ।
७. सरसफाई सेवा पुगेका सवै क्षेत्रका प्रत्येक घरबाट तोकिए बमोजिमको सरसफाई सेवा शुल्क असुली गरिनेछ।
८. उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ।
९. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।
१०. अव्यवस्थित वसोवासीहरुलाई लगाउदै आएको घरधुरी करलाई निरन्तरता दिइनेछ। घरको संरचना र प्रकृति अनुसार दरहरुको प्रगतिशिल पुनरावलोकन गरिनेछ।
११. धरान-३ मा रहेको सपिङ्ग मललाई स्तरोन्नती गरी थप आय आर्जन गर्ने गरी सञ्चालन गरिनेछ।
१२. सभागृहको पुनः मर्मत सम्भार गरी सञ्चालनमा आन्तरिक आयमा बृद्धि गरिनेछ।
१३. करदाताको कर लगतलाइ ब्यवस्थित पारदर्शी र प्रभावकारी रूपमा उपयोग ,गर्नकरदातालाई कर सम्बन्धी सूचना , प्रवाह गर्न डिजीटल कर प्रणाली लागु गरिनेछ।
१४. मठ मन्दिर क्षेत्रका भेटीदान जस्ता सम्पतीको संम्रक्षण र ब्यबस्थित गर्ने निती लिईने छ । त्यसलाइ राजश्वको दायरामा ल्याईनेछ ।
१५. जनतालाई दोहोरो कर प्रणालीको भार बोकाउने कार्यको अन्य गर्ने निती लिईने छ ।
१६. राजश्व छलिलाई रोक्न कडा निती लिईने छ ।
१७. घरबहाल कर घरधनिले नै तिर्ने गरिको ब्यबस्था मिलाउने निती लिईने छ ।
१८. विगतका कमीकमजोरीलाई सच्चाई छानवीन गरी सत्य तथ्य सार्वजनिक गरिनेछ।

**९. कानून संसोधन**

१. धरान उपमहानगरपालिकाले तर्जुमा गरेका विभिन्न ऐन, नियम तथा कार्यविधिलाई समयनुकल बनाउन संसोधन गर्न पहल गरिने छ ।

**१०. भौतिक विकास तथा सामाजिक सुधारमा श्रमदानको नीति**

१. विश्वव्यापी आर्थिक मन्दिका कारण राजस्व संकलनमा आएको गिरावटले गर्दा जनताको बढ्दो आकांक्षा र आवश्यकतालाई परिपूर्ती गर्न तथा टेवा पुर्याउन भौतिक विकास तथा सामाजिक सुधारका लागि नागरिकलाई श्रमदान गराउन र श्रमदानको माध्यमबाट जनतालाई देश विकासमा प्रत्यक्ष जोड्न विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ।

अन्त्यमा यो नीति तथा कार्यक्रमको सफलतापूर्ण कार्यान्वयन हामी सबैको साझा कर्तव्य रहेको हुँदा सबैको साथ सहयोगको लागि अपिल गर्दै उपस्थित सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु।

**धन्यवाद !** **नमस्कार !!** **जय धरान !!!**